# देवी देउराली सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

प.सं. ०८१।०८२

च.नं.

देवेन्द्र रेस्मी
अध्यक्ष

मिति : २०८१।१२।०५

**विषय : काठ दाउरा लिलाम बिक्री सम्वन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना !**

(नव तिलोत्तमा राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित मिति २०८१।१२।०५)

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. ०७९/०८० मा सामुदायिक वन क्षेत्रमा रहेका ढलापडाका रुखहरु कटान गर्दा उत्पादन भई उपभोक्ता भित्र बिक्री नभएका घाटगद्दी गरी राखिएका विभिन्न जातको गोलिया थान ६६४ को ३१८६.८७ क्यू.फिट गोलिया काठ र दाउरा १.५ चट्टालाई (कायम गरिएको १ वटा लट) हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रकियाबाट लिलाम बिकी गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनको ३:०० बजे भित्र खरिद गरेको निकायमा दाखिला गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

१. लिलाम हुने वन पैदावारको विवरण

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. २४९९ मिति २०८१।११।२७ गतेको लिलाम सहमति बमोजिम पहिलो पटक प्रकासित सूचना

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ०१/०८१/०८२ | आ.व. ०७९/०८० मा ढलापडा कटान तर्फको काठ, दाउरा | साल | A | १८ | २३४.७७ | १२५० | २९३४६७ | ४९०७७८ | |
| | | साल | B | ८० | ६०२.२१ | ९०० | ५४१९९१ | | |
| | | साल | C | ३६० | १५१३.८१ | ६०० | ९०८२८६ | | |
| | | साल | D | ९० | १७२.४२ | ३०० | ५१७२७ | | |
| | | वाभी | N | १ | ५.०४ | १०० | ५०४ | | |
| | | सादन | N | ८ | ३३.३६ | ३०० | १०००७ | | |
| | | असना | A | ४ | ५७.०३ | ४०० | २२८११ | | |
| | | असना | B | २१ | १७०.२७ | ३०० | ५१०८१ | | |
| | | असना | C | ५१ | २०४.१५ | १०० | २०४१५ | | |
| | | जामुन | C | ७ | २६.९३ | १०० | २६९३ | | |
| | | चिलाउने | N | २४ | १६६.८८ | २०० | ३३३७६ | | |
| | | साल दाउरा चट्टा | | | १.०० | १२००० | १२००० | २०२५० | |
| | | अन्य दाउरा चट्टा | | | ०.५० | ४००० | २००० | | |
| जम्मा | | | | | | | १९५०३५८ | ५११,०२८ | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति २०८१/१२/२५ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति २०८१/१२/२६ गते दिउसो ३.०० बजेसम्म ।

३. बोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयबाट रु. २०००।- (फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

देवेन्द्र रेस्मी
अध्यक्ष

# देवी देउराली सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

४. शिलवन्दी बोलपत्र साथ कवोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको कृषी विकास बैंक लि., तौलीहव शाखा, कपिलवस्तुमा रहेको हिसाव नं. ०४१५४००६१७८६००२७ खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको बैंक जमानत समावेश गर्नुपर्ने छ ।

५. लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अद्यावधिक सूचिकृत भएको पत्र बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१।१२।२८ गते दिनको १:०० बजे कार्यालय प्रतिनिधी, बोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर समेत बुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको बोलपत्र फाराम हो, उसैको तर्फबाट दाखिला नगरेको, बोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, बोलपत्र उपर कारवाही हुने छैन ।

११. बोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी देवी देउराली सा.व.उ.स.को काठ, दाउरा लिलाम शिलवन्दी बोलपत्र भनी उल्लेख गरेको हुनु पर्नेछ ।

१२. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित नीति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ ।

१५. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

इति सम्वत् २०८१ साल चैत्र महिना ०५ गते रोज ०३ मा शुभम् ..................................।

देवेन्द्र रेस्मी
अध्यक्ष